# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५२) काठमाडौं, चैत ४ गते २०५९ साल (अतिरिक्ताङ्क ८४ (क)

## भाग ३

श्री ५ को सरकार

गृह मन्त्रालयको सूचना

विभूषण (सातौं संशोधन) नियमावली, २०५९

विभूषण नियमावली, २०४८ लाई संशोधन गर्न वाञ्छनीय भएकाले,

श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवबाट मन्त्रिपरिषद्को सल्लाह र सम्मतिले देहायका नियमहरू स्वीकृत गरिबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "विभूषण (सातौं संशोधन) नियमावली, २०५९" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. विभूषण नियमावली, २०४८ को नियम ६४ मा संशोधनः विभूषण नियमावली, २०४८ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ६४ को,–

(१) उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छः–

"(१) राजदरबारको शाही रक्षकमा नियुक्ति भई वा काजमा खटिई अटुट वा पटक-पटक गरी दुई वर्ष (सातसय तीस दिन) सेवा गर्ने शाही नेपाली सैनिकलाई यो पदक प्रदान गरिनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९३०९

(२) उपनियम (१) पछि देहायको उपनियम (१क) थपिएको छः–

"(१क) पहिले शाही रक्षकअन्तर्गत सेवा गरी पछि राजप्रासाद सेवाको अन्य सैनिक सेवामा वा पहिले राजप्रासाद सेवाअन्तर्गत अन्य सैनिक सेवा गरी पछि शाही रक्षकअन्तर्गत अटुट वा पटक-पटक गरी दुई वर्ष (सातसय तीस दिन) पूरा गरी हाल वहालमा रहेका शाही नेपाली सैनिकलाई यो पदक प्रदान गरिनेछ ।

(३) उपनियम (२) पछि देहायको उपनियम (२क) थपिएको छः-

"(२क) यो पदक पाएबापत एक महिना बराबरको तलब पाउनको लागि बाऱ्हसय दिन सेवा गरेको हुनु पर्नेछ ।

(४) उपनियम (३) को सट्टा देहायको उपनियम (३) राखिएको छः-

"(३) उपनियम (१) बमोजिम शाही रक्षक सेवामा अटुट वा पटक-पटक गरी दुई वर्ष (सातसय तीस दिन) पूरा गरी यो पदक प्राप्त गरिसकेका शाही नेपाली सैनिकलाई दोस्रो पटक बाऱ्हसय दिन सेवा अवधि पूरा गरेमा इस्पातको स्वल्पाकार, तेस्रो पटक बाऱ्हसय दिन सेवा अवधि पूरा गरेमा तामाको स्वल्पाकार, चौथो पटक बाऱ्हसय दिन सेवा अवधि पूरा गरेमा चाँदीको स्वल्पाकार र पांचौं पटक बाऱ्हसय दिन सेवा अवधि पूरा गरेमा सुनको स्वल्पाकार प्रदान गरिनेछ ।"

३. मूल नियमावलीको परिशिष्ट आठमा संशोधनः मूल नियमावलीको परिशिष्ट आठमा रहेको स्पष्टीकरणपछि द्रष्टव्यको खण्ड (क) को सट्टा देहायका खण्ड (क) राखिएको छ :-

"(क) कवाजमा भाग लिने तथा सम्मानगारदमा खटिने रथीवृन्द, अधिकृत तथा पदिकबाहेक अन्य रथीवृन्द, अधिकृत तथा पदिक र शाही पार्श्ववर्तीले खड्ग लिनुपर्नेछैन ।"

आज्ञाले,

टीकादत्त निरौला

श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।